**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २८६

पुनरावेदन नं. ०७७-RB-०१७६

पुनरावेदन दर्ता मितिः-२०७७।०६।१९

**मुद्दाः–मूल्य अभिबद्धि कर (आ.व.२०७३/०७४)।**

गणबहाल, काठमाडौं स्थित जि.ओ. अटोमोबाइल्स प्रा.लि.(स्थायी लेखा नं. ३०२५९७७०९) को तर्फबाट अधिकारप्राप्त सो कम्पनीका बित्त प्रबन्धक तेजकरण सिंघी.....................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...............................................१ } प्रत्यर्थी

आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति : २०७६।०४।२२

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७।०३।२९

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र
विद्वान अधिबक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**<u>अवलम्वित नजीरः ×</u>**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७।०३।२९ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.(स्थायी लेखा नं. ३०२५९७७७०९) को आर्थिक वर्ष २०७३/०७४ को पूर्ण कर परीक्षण सम्पन्न भै मिति २०७६।०३।२२ मा स्वीकृत भएको कर परिक्षण प्रतिवेदनका आधारमा मूल्य अभिवृद्धि कर ऐनको दफा २० को उपदफा (१)(छ) वमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गर्नको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर निर्धारण गरी तथा जरिवाना समेत जम्मा रू.२५,६५,१३२।- को प्रारम्भिक कर निर्धारण आदेश करदाताको नाममा च.नं. ३६६ को पत्रबाट मिति २०७६।०३।२३ मा जारी भएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०३।२३ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७६।०३।२५ मा बुझी लिई सो को जवाफ मिति २०७६।०४।०८ मा पेश गरेको।

३. कार्यालयको मिति २०७६।०३।२३ च.नं. ३६६ को प्रारम्भिक कर निर्धारण आदेशमा कुनै परिवर्तन गर्नु नपर्ने देखिएकोले कर र जरिवाना समेतको जम्मा रु.२५,६५,१३२।-(अक्षेरुपी पच्चिस लाख पैसठ्ठी हजार एक सय वत्तिस रुपैयाँ मात्र) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गर्ने र उक्त आदेशको मिति भन्दा पछिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) बमोजिम थप दस्तुर एवं दफा २६ वमोजिम व्याज लाग्ने भए कम्प्युटर प्रणालीबाट सो समेत गणना गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी मिति २०७६।०४।२२ मा ठूला करदाता कार्यालयबाट खडा भएको निर्णय पर्चा।

४. करदाता श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.ले पेश गर्नुभएको जवाफ तथा प्रमाण कागजातहरु समेतको मूल्यांकन गर्दा निम्नानुसारको कर रकम रु.२५,६५,१३२।-

(अक्षेरुपी पच्चिस लाख पैसठ्ठी हजार एक सय वत्तिस रुपैयाँ मात्र) तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैंकमा रहेको यस कार्यालयको खातामा दाखिला गर्नु होला। यो आदेश जारी भएको मितिले १५ दिन भित्र कर नबुझाएमा जरिवाना, थप दस्तुर तथा ब्याज लाग्ने बेहोरा सूचित गरीन्छ भन्नेसमेत बेहोराको मिति २०७६।०४।२३ मा करदाताको नाममा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट जारी भएको अन्तिम कर निर्धारण आदेशको सूचना।

५. मिति २०७६।०४।२३ मा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मूल्य अभिवृद्धि कर तर्फ आ.व. २०७३/०७४ को लागि करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नवुझि करदाता श्री जि.ओ. अटोमोबाइल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७६।०६।१० मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

६. स्वःउपयोग प्रयोजनले कम्पनीको नाममा व्यापार मौज्दातमा रहेको सामान घटी मूल्यमा बिक्री गरी मूल्य अभिबृद्धि कर कम दाखिला गरेको अवस्थामा कार्यालयबाट कर निर्धारण गर्नुपर्ने नै देखिन्छ। दर्ता भएको व्यक्तिले आफ्नो मौज्दातमा रहेका वस्तु स्वःउपयोग गर्नुपरेमा कर बीजक जारी गरी गर्नुपर्ने व्यवस्था रहेकोमा करदाताले स्वःउपयोगका लागि बीजक जारी गर्दा प्रचलित बजार मूल्य भन्दा अत्यन्त न्यून वा लागत मूल्यमा नै जारी गरेको देखिएकोले उक्त सवारी साधनहरू स्वतन्त्र बजार मूल्यमा बिक्री गर्दा प्राप्त हुने रकमभन्दा घटी प्राप्त गरेको रकमलाई थप बिक्री कायम गर्नुपर्ने देखियो तसर्थ करदाताको यस आ.व. को कुल नाफा प्रतिशत १६.५० लाई मूल्य अभिबृद्धि कायम गरी सो समेत जोडी कायम हुने मूल्य रू. ७६,०८,०३१।- मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर निर्धारण गरी सोही ऐनको दफा २९(२) बमोजिम शतप्रतिशत जरिवाना तथा दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिम व्याज समेत गणना गरी कर निर्धारण गरी कार्यालयले गरेको निर्णय कानून सम्मत नै देखिएकोले यसमा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको निर्णय।

७. पुनरावेदक करदाताले आ.व.२०७३/०७४ मा आयात गरेको सवारी साधनमध्ये स्वःउपयोगको प्रयोजनको लागि आफूले आयात गरेको सवारी साधन १७ थान आफ्नो नाममा लागत मूल्यमा बीजक जारी गरी सम्पत्ति तर्फ थप गरेको हो। मूल्य अभिबृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ मा उल्लिखित उदाहरण ४.१४ अनुसार आफ्नो कार्यालयको उपयोगको लागि आफूले आफैलाई विक्री भएको मानी लागत

मूल्यमा कर बीजक जारी गरी कर असुल गर्नुपर्ने व्यवस्था अनुरूप नै पुनरावेदकले आफ्नो कार्यालयको उपयोगका लागि आफूले आफैलाई विक्री गरेको मानी लागत मूल्यमा कर बीजक जारी गरी कर असुल गरेको अवस्थामा सवारी साधनको लागत मूल्यमा १६.५० प्रतिशत मूल्य अभिबृद्धि गरी under invoicing गरेको भनी रू.७६,०८,०३१।- विक्री आय कायम गरी त्यसमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर र व्याज समेत लगाउने गरी शुरू कार्यालयबाट भएको अन्तिम कर निर्धारण निर्णय एंव सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मूल्य अभिबृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६१ बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको मूल्य अभिबृद्धि कर निर्देशिका,२०६९ को दफा ४.९ उदाहरण ४.१४ को व्यबस्था समेतको आधारमा त्रुटीपूर्ण हुँदा बदर गरी पाउ भन्ने समेत बेहोराको करदाताको तर्फबाट मिति २०७७।०६।१९ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८।०५।२५ मा भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता जि.ओ. अटोमोबाइल्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिबक्ता श्री नितेश श्रेष्ठले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरू, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरू र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।०४।२२ मा पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक

राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, करदाताले आयात गरेको सवारी साधन स्वःउपभोगको लागी लागत मूल्यमा बीजक जारी गरी सम्पत्ति तर्फ थप गरेकोले यसमा मूल्य अभिबृद्धि कर थप गर्न नमिल्ने भनी पुनरावेदन जिकिर लिएको देखियो। ठूला करदाता कार्यालयको निर्णय पर्चा हेर्दा, करदाताले प्रचलित बजार मूल्यमा बीजक जारी नगरी स्वयंको लागि लागत मूल्यमा बीजक जारी गरेको देखिएकोले करदाताले देखाएको यस आ.व.को औषत मुनाफा प्रतिशत १६.५० (Gross Profit Ratio) लाई मूल्य अभिवृद्धि कायम गरी सो समेत जोडी कायम हुने करयोग्य मूल्य रु.७६,०८,०३१।- मा प्रस्तुत करदाताले घटी मूल्य अभिबृद्धि कर रकम संकलित भएको देखिएकोले २०७४ आषाढको कर अवधि कायम गरी रु.७६,०८,०३१।- को मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रकम रु.९,८९,०४४।- सोही ऐनको दफा २९ (२) बमोजिम शतप्रतिशत जरिवाना रु.९,८९,०४४।- तथा दफा १९ बमोजिमको थप दस्तुर र दफा २६ वमोजिमको व्याज समेत गणना गरी दफा २०(१) बमोजिम कर निर्धारण गरीएको देखिन्छ।

१२. पुनरावेदक करदाताले आ.व. २०७३/०७४ मा आयात गरेको सवारी साधन मध्ये स्वःउपभोग प्रयोजनको लागी १७ वटा सवारी साधन आफ्नो नाममा लागत मूल्यमा बीजक जारी गरी सम्पत्ति तर्फ थप गरेको तथ्यमा विवाद देखिएन। मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ४८ को उपनियम (२) मा "*आयात हुने वस्तु वा सेवामा कर निर्धारण गर्ने प्रयोजनका लागी मूल्य कायम गर्दा ऐनको दफा १२ को उपदफा (५) र (६) बमोजिमको प्रक्रिया अपनाई मूल्य कायम गरीनेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। शुरु कर कार्यालयले उक्त प्रक्रिया अवलम्बन नगरेको र करदाताले दावीका सवारी साधन असम्बन्धित व्यक्तिलाई विक्री गरेको नभई स्वःउपभोगको लागि लागत मूल्यमा बीजक जारी गरी सम्पत्ति तर्फ थप गरेको भनी मिति २०७६।०४।०६ मा स्पष्ट जवाफ दिएकोमा ठूला करदाता कार्यालयले आधार र कारण खोली उक्त जवाफलाई खण्डन गरेको देखिएन। आधार र कारण नखोली भएको निर्णय न्यायोचित देखिँदैन।

१३. जहाँसम्म शुरु कर निर्धारण आदेश मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ विपरित रहेको भनी करदाताले पुनरावेदन पत्रमा लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा, मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ मा "*मूल्य अभिबृद्धि कर प्रयोजनको लागि स्वःआपूर्ति भन्नाले विक्री प्रयोजनको लागि खरीद वा उत्पादन गरीएको वस्तु वा सेवा करदाता स्वयंले आफ्नो व्यवसायिक प्रयोजनको लागि*

*उपयोग गर्ने कार्यलाई जनाउछ। स्वःआपूर्ति गरिएको बस्तु र सेवाको समेत सामान्यतया मूल्य अभिबृद्धि कर बीजक जारी गरी मूल्य अभिबृद्धि कर असुल गर्नुपर्दछ। व्यवसायिक कारोवारमा प्रयोग गर्ने गरी स्वःआपूर्ति गरिएका वस्तु वा सेवामा कर बीजक जारी गरी कारोवार जनाएकोमा सोही रकम पुनः ऐनको दफा १७ बमोजिम कर कट्टी दावी गर्न सकिन्छ। यस्तो अवस्थामा करको असर शून्य हुने भए तापनि करयोग्य कारोवार गर्ने व्यक्तिले बीजक जारी नगरी कुनै पनि करयोग्य आपूर्ति गर्न ऐनले प्रतिबन्ध लगाएको कारणले स्वःआपूर्तिमा समेत बीजक जारी गर्नु पर्ने व्यवस्था गरीएको हो* " भन्ने व्यवस्था भएको पाईन्छ। उक्त व्यवस्था हेर्दा करदाताले व्यवसायिक उपयोगका लागि स्वःआपूर्ति गर्न आफूले आफैलाई विक्री गरेको मानी लागत मूल्यमा कर बीजक जारी गरी कर असुल गर्नुपर्ने देखिन्छ। पुनरावेदक करदाताले व्यक्तिगत प्रयोजनको लागि नभई उक्त कानूनी व्यवस्था बमोजिम नै आफ्नो कम्पनीको व्यवसायिक उपयोगका लागि Endeavour-1, Figo-9, Aspire-1, Ecosport-6, का १७ वटा गाडीहरू आफूले आफैलाई विक्री गरेको मानी लागत मूल्यमा कर बीजक जारी गरी कर असुल गरेको देखिन्छ। निर्देशिकाले वजार मूल्यमा नै बीजक जारी गरी कर असुल गर्नु पर्ने अनिवार्यता गरेको देखिएन। यस स्थितिमा ठूला करदाता कार्यालयले करदाताको हकमा मूल्य अभिबृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ आर्कषित हुनु नपर्ने र थप कर असुल गर्नुपर्ने आधार र कारण निर्णय पर्चामा उल्लेख गरेको देखिन आएन। त्यसैले करदाताको उक्त पुनरावेदन जिकिरलाई अन्यथा भन्न मिलेन।

१४. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता जि.ओ अटोमोबाइल्स (स्थायी लेखा नं.३०२५९७७०९) को आ.व.२०७३/०७४ को मूल्य अभिवृद्धि करतर्फ अन्तिम कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले मिति २०७६।०४।२२ मा गरेको निर्णयमा करदाताको हकमा मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को दफा ४.९ आकर्षित नहुनुपर्ने सम्बन्धमा र करदाताले करको दायित्व कम गर्ने योजना गरेको भन्ने सम्बन्धमा कुनै आधार र कारण खुलाएको नदेखिएको र आन्तरिक राजस्व विभागका महानिर्देशकले मिति २०७७।०३।२९ मा सुरू निर्णय सदर गर्दा समेत सो सम्बन्धमा आधार र कारण खुलाएको नदेखिँदा त्यस्तो न्यायिक मन प्रयोग नगरी भएका निर्णयलाई न्यायोचित मान्न नमिलेकोले उक्त दुबै निर्णय बदर गरीदिएको छ।अव आधार र कारण सहित कानून बमोजिम पुनः अन्तिम कर निर्धारण गर्नु भनी फाइल सुरु कार्यालय पठाईदिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु निर्णय बदर भई पुन: अन्तिम कर निर्धारण गर्न फाइल सुरु कार्यालय पठाईदिने ठहरी फैसला भएकोले तारिखमा रहेका करदातालाई ठूला करदाता कार्यालयको तारिख तोकी सो प्रयोजनको लागि यो फैसला सहितको शुरु मिसिल समेत पठाइ दिनू।

२. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।१२।२०।२
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप